# ४ प्रथम चर्चका अगुवाहरु

*यस अध्यायका मूल पदहरू:* प्रेरित ६, प्रेरित ७:४६, हिब्रू ५:११-१४, मिका ६:१-१६, प्रेरित ७ र प्रेरित ८:४-२५।

*यस अध्यायको मूल सार पद:* **"परमेश्वरको वचन निरन्तररूपमा फैलिँदै गयो। यरुशलेममा चेलाका संख्याहरू धेरै बढे। धेरै पुजारी तथा पण्डितहरू पनि येशूको आस्था पालन गर्नेभए" (प्रेरित ६:७ रूपान्तरित)।**

**त्यसबेला** यरुशलेममा रहेका प्रायजसो यहूदीहरू पाश्चात्य मूलुकका थिए। तिनीहरू रोमी तथा ग्रीक सभ्यतामा हुर्केका थिए (प्रेरित २:५,९-११)। तिनीहरू यहूदी भएतापनि तिनीहरू स्थानीय यहूदीहरूभन्दा फरक थिए। प्रेरित ६:१ अनुसार तिनीहरू इस्रायलमै जन्मेका यहूदी वा हिब्रू जस्ता थिएनन्। एउटा मुख्य भिन्नतामा तिनीहरू यहूदिया वा इस्रायलमा बोल्ने चलनचल्तीको हिब्रू वा अरामिक भाषाप्रति तिनीहरू परिचित थिएनन्।

संस्कार, संस्कृति, रहन सहन र धार्मिक मामिलाहरू समेत गरेर बाहिरबाट आएर बसोबास गरेका यहूदी र स्थानीय यहूदीहरूको बीचमा भिन्नता थियो। विदेशमा जन्मिएका कारणले ती बाहिरबाट आएका यहूदीहरूमा यहूदी परम्परामा तिनीहरू त्यति गाभिएका थिएनन्। इस्राएलमा जन्मेर यहूदी धर्मप्रति जरा गाडिएका यहूदीहरू जस्तो बिदेशबाट आएका ती बसाइसराइ गरेका यहूदीहरू थिएनन्। मन्दिरमा गरिने विभिन्न विधिविधान वा पशुबलि प्रथा र मोशाले दिएका कानुनहरूप्रति तिनीहरू धेरै परिचित थिएनन् किनभने ती विधान र कानुनहरू केवल इस्राएल देशमामात्र लागु भएका थिए।

फेरि ती बाहिरबाट आएका यहूदीहरू ग्रीक र रोमको पश्चिमी सभ्यतामा भिजेका र अयहूदीहरूसँग मिलेर बसेका हुनाले इसाई आस्थाको स्वभावलाई बुझ्न तिनीहरू राजिभएका थिए। अर्थात् तिनीहरू इस्राएलमै जन्मेका र हुर्केका कट्टर यहूदीहरूभन्दा उदार थिए। यथार्थमा भन्ने हो भने ती बाहिरबाट आएका बिदेशी यहूदीहरूद्वारा नै सारा संसारमा सुसमाचार गवाहीको रूपमा प्रचार गर्न परमेश्वरले प्रयोग गर्नुभएको थियो।

## १. सात जनाहरूलाई नियुक्ति

**ती बाहिरबाट आएका कतिपय यहूदीहरूले इसाई आस्था अङ्गाल्न पुगेका थिए। बिदेशी यहूदीहरू धेरै इसाई भएपछि त्यहाँ समस्याहरू पनि खडा हुन पुगेका थिए। अनि येशूका स्थानीय विश्वासी वा चेलाहरूसँग तिनीहरू गनगनाउन थाले। तिनीहरूमा धेरै गुनासाहरू थिए होलान् तर एउटा मुख्य गुनासो के थियो? हेर्नुहोस् प्रेरित ६:१ "ती दिनमा जब चेलाहरूको संख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक-यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिंदो भोजन पाउँदैनथिए।"**

"दैनिक रूपमा गरिब इसाई बिधुवाहरूलाई खाना बाँड्ने क्रममा बाहिरबाट आएका वा ग्रीक अर्थात् पश्चिमी देशका यहूदी बिधुवाहरूलाई खाना बाँड्न इस्राएली यहूदी इसाईहरूले वेवास्ता गरेको देखिएकोले बिश्वासीहरूको बीचमा गुनासोको हावा फैलिएको थियो। विश्वासीहरूको बीचमा हुने कुनै असमान व्यवहार सुसमाचारको सन्देश वा भावनाको बिरुद्धमा थियो। विश्वासीहरूको बीचमा भइरहेको असमान व्यवहारले सुसचारप्रति शङ्का उठाउन दिन शैतानले सफलता पाएको थियो। सबै असन्तुष्टिहरू हटाउन तुरन्तै केही व्यवस्था गर्न आवश्यक भएको थियो, नत्रभने इसाई चर्चमा बिभाजन ल्याएर आफ्नो बाहुल्यता ल्याउन शैतान सफल हुन्थ्यो"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ८८बाट रूपान्तरित।

सबैलाई समानरूपमा खानाहरूको बन्दोबस्त गर्न प्रेरितहरूले यहूदी इसाईहरूको सामु एउटा प्रस्ताव राखे। ती यहूदी इसाईहरूले तिनीहरूकै माझबाट सात जना मानिसहरू चुनुन् जसले खाना ख्वाउन र अरू सेवा गर्न सकुन् (प्रेरित ६:४), तर चेलाहरूचाहीँ विश्वासीहरूको घरेलु मामिलामा नअल्झि प्रार्थना गर्न र परमेश्वरको वचन फैलाउने सेवाकार्यमा समय बिताउन सकुन् (प्रेरित ६:४)। यी पदहरूमा प्रयोग गरिएका ग्रीक भाषाका शब्दहरू डायोकोनिया (diakonia) र डायोकोनियो (diadoneo)। ती दुवै शब्दहरू एउटै शब्दरचनामा पर्दछ। फरकचाहीँ के थियो भने टेबुलमा वा भान्सा कोठामा सेवा गर्ने (प्रेरित ६:२) र परमेश्वरको वचनको सेवा गर्ने हो (प्रेरित ६:४)। ती दुवै शब्दहरू एकै ठाउँमा राखेर दैनिक भन्ने शब्द थप्नुपर्छ (प्रेरित ६:१)। त्यसको अर्थ सुरूको चर्चको दैनिक जीवनमा के के हुन्थ्यो भनेर देखाउँदछः परमेश्वरको वचन सिकाउने र सङ्गति वा सङ्गै मिल्ने खाने। त्यसमा सबै

विश्वासीहरू मिलेर खाने, प्रभु भोज र प्रार्थना सम्मेलित भएका थिए (प्रेरित २:४२,४६, ५:४२)।

येशूबाट आधिकारिक रूपमा उहाँको शिक्षादीक्षा दिन अधिकार पाएका चेलाहरूले आफ्ना समयलाई विश्वासीहरूलाई शिक्षादीक्षा दिन र प्रार्थना गर्न आफूहरूलाई समर्पित गर्न सङ्कल्प गरेको हुनाले सात जनालाई अरू क्रियाकलाप गर्न नियुक्त गर्न पुगेका थिए। कुनै पनि चर्च भवन नभएको परिस्थितिमा वा प्रत्येक विश्वासी आफै चर्च हुन गएको परिप्रेक्ष्यमा र धेरै घरघरमा नै चर्चको सेवाकार्य गर्ने सन्दर्भमा ती सबै कुराहरूलाई ध्यानमा राखेर तिनीहरूलाई बन्दोबस्त गरि तिनीहरूको रेखदेख गर्ने वा सञ्चिता गर्ने जिम्मा ती सात जनालाई सुम्पेका थिए। परमेश्वरको सुसमाचार प्रचार गर्ने बाहेक विश्वासीहरूलाई परिचालन गर्न प्रशासनिक काम र तिनीहरूको व्यक्तिगत हितको ध्यानमा नअल्झिन चेलाहरूको मनशाय थियो। तर ती सबै कामहरू सम्पन्न गर्ने काम केवल डिकन वा चर्चलाई सम्हाल्ने अगुवाहरूकोमात्र नभएर कोही पनि येशूका भक्त हौं भनेर दावी गर्नेहरूको कर्तव्य थियो। यथार्थमा भन्ने हो भने ती सात जना अगुवाहरू सुरूको चर्च वा विश्वासीहरूका प्रथम् अगुवाहरू थिए।

**नियुक्त गरिएका सात जना चेलाहरूको चरित्र कस्तो थियो, तिनीहरूलाई कसरी चुनिएको थियो र तिनीहरूलाई के काम गर्न खटाइएको थियो? हेर्नुहोस् प्रेरित ६:२-६ "२ तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। ३ यसकारण भाइ हो, तिमीहरू मध्येबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। ४ तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" ५ यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। ६ तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।"**

परमेश्वरका जनहरूको रेखदेख गर्न वा बन्दोबस्त तरिकाले तिनीहरूको सेवा गर्न योग्य भएका अगुवाहरूमा हुनुपर्ने गुणहरूमा तिनीहरू नैतिकवान अर्थात् परमेश्वरको नीतिमा चल्ने र आत्मिकी हुनुपर्दथ्यो। ती

गुणहरूले अरू साधारण सदस्यहरूबाट विशेष अलग भएको देखाएको थियो। प्रत्येक येशूभक्त अगुवाहरूमा ती गुणहरू हुन आवश्यक भएको त्यसबेलाका चेलाहरूले ठानेका थिए। समग्रमा तिनीहरूको अनुकरणीय आत्मिक जीवनमा तिनीहरू पवित्र आत्माले भरिएको, विश्चासीहरूको बीचमा तिनीहरूले आदरसम्मान तथा इज्जत पाएका र ज्ञाबुद्धिमा सम्पन्न भएको हुनुपर्ने थियो। सारा विश्वासी समूहले चेलाहरूको प्रस्ताव स्वीकार गरेर तिनीहरू आफूबाट सात जनालाई चुनेका थिए। तिनीहरूको शिरमा चेलाहरूले हात राखेर प्रार्थना गरेर अभिषेक गरेका थिए र तिनीहरूलाई विश्वासीहरूको रेखदेख गर्ने जिम्मा दिइएको थियो। यो बिधिलाई येशूका तत्कालीन विश्वासी समूहहरूले सार्जननिकरूपमै अनुमोदन गरेका थिए र तिनीहरू अगुवा वा डिकनको काम गर्न अधिकार पाएका व्यक्तिहरू हुन भनेर स्वीकारेका थिए।

**चर्चमा अगुवाहरू चुन्ने काममा सहमति र असहमतिको घेरामा परेर अन्योल हुनु सजिलो छ छैन त? मिसन वा चर्चमा अधिकार पाउने होडबाजीबाट अलग भएर हामीहरूको ध्यान परमेश्वरको नाउँ उचाल्नतर्फ कसरी केन्द्रित गराउने जसले गर्दा परमेश्वरले दिनुभएको शक्ति अनुसार चर्चमा सबैसँग शान्तिसँग रहने खुबी प्राप्त गर्न सकौं?**

## २ स्तिफनसको सेवाकार्य

जब ती सात जना मानिसहरू नियुक्तिमा परेर परमेश्वरका जनहरूको सेवा गर्ने काममा खटिए तब तिनीहरू केवल चर्चको सेवाकार्यमामात्र व्यस्त भएनन् प्रभुको निम्ति प्रभाकारी गवाही पनि हुन पुगेका थिए। तिनीहरूको लगनशीलताले सुसमाचार निरन्तररूपमा फैलियो र धेरै विश्वासीहरू बृद्धि हुने क्रम जारी रह्यो (प्रेरित ६:७)। जब धेरै मानिसहरू इसाई भए तब त्यहाँ तिनीहरूले विरोधको पनि सामना गर्नु परेको थियो। सुरूको चर्चमा सबै थोक रमाइलो थियो भन्ने थिएन किनभने अतिवादी यहूदीहरूको क्रोध तिनीहरूमाथि बज्रन सुरू गरेको थियो। असाधारणरूपमा आत्मिक ज्ञानले भरिपूर्ण भएको स्तिफनसलाई हामी ध्यान दिनेछौं।

**प्रेरित ६:७-१५मा स्तिफनसको विश्वास तथा येशूप्रतिको आस्था र उनको चरित्रको बारेमा लेखिएको छ। फेरि स्तिफनसले येशूको बारेमा कस्तो जोशले प्रचार गरे जसले गर्दा उनका विरोधी तथा धर्मगुरुहरू उनी प्रति प्रचण्डरूपमा क्रोधित भएका थिए। हेर्नुहोस् "७ परमेश्वरको वचन बढ्दैगयो, र**

चेलाहरूको संख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे। ८ स्तिफनसले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरूका बीचमा ठूला-ठूला अचम्मका काम र चिन्हहरू गरे। ९ तर कोही-कोहीचाहिँ जो स्वतन्त्र-दलका सभाघरकाहरू (यसको नाम यही थियो), र कुरेनी, अलेक्जेन्ड्रिया, किलिकिया र एशियाका मानिसहरू थिए, तिनीहरूले खड़ा भई स्तिफनससँग वाद-विवाद गर्न लागे। १० तिनी जुन बुद्धिले र आत्माद्वारा बोल्थे, तिनीहरूले त्यसको सामना गर्न सकेनन्। ११ तब तिनीहरूले गुप्तमा मानिसहरूलाई उक्साएर यसो भन्न लाए, "मोशा र परमेश्वरको विरुद्धमा यसले निन्दनीय कुरा बोलेको हामीले सुन्यौं।" १२ तब तिनीहरूले जनता, धर्म-गुरु र शास्त्रीहरूलाई भड्काए, र तिनीहरूलाई हमला गरे र पक्रेर महासभामा ल्याए। १३ तिनीहरूले यसो भन्ने झूटा साक्षीहरूलाई अगि सारे, "यस मानिसले पवित्रस्थान र व्यवस्थाको विरुद्धमा कुराहरू बोल्न छोड्दैन। १४ किनभने यसले यसो भनेको हामीले सुन्यौं, 'नासरतका येशूले यस ठाउँलाई नाश गर्नेछ, र मोशाले हामीलाई दिएका रीतिथिति पनि बदली गरिदिनेछ'।"
१५ महासभामा बसेका ती सबैले तिनलाई नियालेर हेरे, र तिनको मोहड़ा स्वर्गदूतको मोहड़ाजस्तै देखे।"

स्तिफनस आप्रवासी यहूदी थिए, अर्थात् उनी ग्रीक र रोमी सभ्यताले भिजेका पाश्चात्य देशबाट आएका यहूदी थिए। उनले ती विदेशबाट आएका यहूदीहरूको सिनिगग वा धार्मिक सभा भवनहरूमा गएर सुसमाचार प्रचार गरेका थिए। त्यस्ता भवनहरू यरुशलेममा धेरै थिए। प्रेरित ६:९मा उल्लेख गरिए अनुसार दुई सिनिगगलाई लिन सकिन्छ। हुनसक्छ, एउटा सिनिगगमा दक्षिणी देशहरूबाट आएका आप्रवासी यहूदीहरूले आराधना गर्दथे। ती मानिसहरू सिरिन र अलेक्जेन्ड्रिया भन्ने देशहरूबाट आएका थिए भने अर्को सिनिगगमा उत्तर देशबाट आएका आप्रवासी यहूदीहरूले आराधना गर्दथे। तिनीहरू सिलिसिया र तत्काल प्रचलित एशिया देशहरूबाट आएका थिए।

स्तिफनसलाई विरोधीहरूले पक्रेर ल्याउँदा येशूको बारेमा उनले प्रचार नै तिनीहरूको बिरोधको विषयको केन्द्रविन्दु थियो। तर जुन आरोप स्तिफनसलाई लगाइयो त्यसले सुसमाचारको बारेमा उनको स्पष्ट धारणा थियो। त्यतिमात्र नभए सुसमाचार केवल यहूदी जातिमा मात्र सिमित नरहेर सम्पूर्ण मानव जातिको निम्ति पनि हो भन्ने उनको जिकिर आफ्नो जातमामात्र गौरब गर्ने यहूदीहरूको निम्ति असह्य भएको थियो। स्तिफनसले मोशा र परमेश्वरको

बिरुद्धमा बोलिरहेका थिए भनेर ती आक्रमणकारीले दोष लगाएका थिए। त्यसको अर्थ स्तिफनसले मोशाको विधान र मन्दिरको गरिमालाई धक्का पुग्ने गरेर प्रचार गरेको ती बिरोधीहरूले आरोप लगाएका थिए। स्तिफनसको प्रचारमा केही कुराहरू गलत अर्थ लगाइएको थियो र जानाजानी उनको प्रचारको विषयबस्तुलाई ती बिरोधीहरूले बँग्याएका थिए। त्यतिमात्र नभएर उनको बिरुद्धमा झुटा साक्षीहरू पनि खडा गराएका थिए जुन आरोपहरू न्यायोचिन थिएन। येशूकै मामिलामा पनि झुटा साक्षीहरू खडा गराएका थिए

(मर्कूस १४:५८, यूहन्ना २:१९)। मन्दिरलाई बिटुलो पार्ने ती धर्मगुरु अर्थात् धार्मिक सभासदहरू नै थिए भनेर उनले आभास् दिएका थिए (प्रेरित ७:४८)। त्यसले गर्दा येशूको मृत्युको गहिरो अर्थ स्तिफनसले बुझेका थिए भनेर देखाउँदछ साथै मन्दिर र त्यहाँ हुने विभिन्न विधिले येशूलाई नै औंल्याउँछ भनेर यहूदी धर्मगुरुहरूलाई उनले सम्झाउन खोजेका थिए।

अर्को अर्थमा भन्ने हो भने धेरै इसाई भएका स्थानीय यहूदीहरू मन्दिर र त्यहाँ हुने बिधिहरूसँग टाँसिन छोडेका थिएनन् (प्रेरित ३:१,१५:१,५, २१:१७-२४) र त्यसलाई त्याग्न पनि तयार थिएनन् (गलाती ५:२-४, हिब्रू ५:११-१४)। तर स्तिफनस र ग्रीक तथा रोमी सभ्यताबाट आएका यहूदीहरूले यो बुझेका थिए कि सारा मन्दिरको विधिविधानहरूको औचित्य त्यसबेला समाप्त भयो जब येशू क्रुसमा टाँगिनुभयो।

**जब नयाँ आत्मज्ञानहरू हामीहरूको समक्ष आउँछन् तब हामी पुरानै धारणामा अडिग भएर ती नव ज्ञानहरू वा बाइबल सम्बन्धी नयाँ समझदारीहरूलाई सरासर बिरोध नगर्नबाट हामी कसरी सतर्क हुने?**

## ३. स्तिफनसलाई यहूदीहरूको धार्मिक सभासद वा सानहिद्रनको अगाडि खडा गराउँछन्

**स्तिफनसलाई दोष लगाउनेहरूलाई उनले कसरी सामना गर्छन्? हेर्नुहोस् प्रेरित ७:१-५३ " १ तब प्रधान पूजाहारीले सोधे, "के यी कुरा ठीक हुन्?" २ तिनले भने, "दाजुभाइ र बुबा हो, सुन्नुहोस्। महिमाका परमेश्‍वरले हाम्रा पितामह अब्राहामलाई तिनी हारानमा बस्न अघि मेसोपोटामियामा छँदा दर्शन दिनुभएको थियो, ३ र तिनलाई भन्नुभएको थियो, 'तिमी आफ्नो देश र आफ्ना कुटुम्बबाट निस्केर, जुन देश म तिमीलाई देखाउँछु, त्यहाँ जाऊ।'**

४ “तब तिनी कल्दीहरूको देशबाट निस्केर हारानमा आएर बसे, र तिनका
पिताको मृत्यु भएपछि परमेश्‍वरले तिनलाई त्यहाँबाट यस मुलुकमा सार्नुभयो, जहाँ
अहिले तपाईंहरू वास गर्नुहुन्छ। ५ तिनलाई त्यस ठाउँमा जायजात त परै
जाओस्, पाइला राख्ने ठाउँसम्म पनि दिनुभएन। तर तिनको सन्तान नभए तापनि
त्यो जायजात परमेश्‍वरले तिनका सन्तानदरसन्तानलाई निजी सम्पत्तिको रूपमा
दिने प्रतिज्ञा गर्नुभयो। ६ परमेश्‍वरले यसरी भन्नुभयो, ‘तिम्रा सन्तान अर्काको
मुलुकमा गएर बस्नुपर्नेछ, र उनीहरूले तिनीहरूलाई कमारा तुल्याएर चार सय
वर्षसम्म थिचोमिचो गरी राख्नेछन्।’ ७ परमेश्‍वरले भन्नुभयो ‘तर तिनीहरू जुन
जातिका कमारा भएर बस्नेछन् त्यस जातिको इन्साफ म गर्नेछु। त्यसपछि
तिनीहरू निस्किआएर यसै ठाउँमा मेरो आराधना गर्नेछन्।’ ८ उहाँले तिनीसँग
खतनाको करार बाँध्नुभयो, र अब्राहाम इसहाकका पिता भएर आठौं दिनमा
इसहाकको खतना गरे। इसहाक याकूबका पिता भए, र याकूब बाह्रै कुलका
पिता भए। ९ “कुलपतिहरूले योसेफसँग डाह गरेर तिनलाई मिश्रदेशमा
बेचिदिए। तर परमेश्‍वर तिनीसँग हुनुहुन्थ्यो। ११ परमेश्‍वरले तिनका सारा
कष्टबाट छुटाएर मिश्रदेशका राजा फारोको सामुन्ने तिनलाई कृपा गर्नुभयो र
बुद्धि दिनुभयो, र फारोले तिनलाई मिश्रदेश र उनका सारा घरका हाकिम
तुल्याए। ११ “त्यसपछि सारा मिश्रदेश र कनानमा अनिकाल परेर ठूलो कष्ट
भयो, र हाम्रा पुर्खाहरूले अन्न पाएनन्। १२ तर याकूबले मिश्रदेशमा अन्न छ
भन्ने कुरा सुनेर हाम्रा पुर्खाहरूलाई पहिलो पल्ट त्यहाँ पठाए। १३ दोस्रो
पटकको भेटमा योसेफले तिनका दाजुभाइहरूलाई आफ्नो परिचय दिए, र
योसेफको परिवार पनि फारोकहाँ जाहेर भयो। १४ योसेफले आफ्ना बुबा
याकूबलाई र आफ्ना जम्मै कुटुम्बलाई, जो पचहत्तर प्राणी थिए, उनीकहाँ
डाकिपठाए। 15 याकूब मिश्रदेशमा गए, र त्यहीं उनको देहान्त भयो, र हाम्रा
पुर्खाहरूको पनि त्यहाँ नै देहान्त भयो। १६ त्यसपछि तिनीहरूका मृत शरीर
शकेममा लगे, र अब्राहामले शकेममा हमोरका छोराहरूबाट दाम तिरेर किनेको
चिहानमा राखे। १७ “तर जब परमेश्‍वरले अब्राहामलाई गर्नुभएको करार पूरा
हुने समय नजिक आयो तब मिश्रदेशमा ती मानिसहरू बढ्न लागे, र तिनीहरूको
संख्यामा वृद्धि भयो। १८ तब मिश्रदेशमा योसेफलाई नचिन्ने अर्का राजा खड़ा
भए। १९ उनले हाम्रा जातिसँग धूर्तताको व्यवहार गरे, र हाम्रा पुर्खाहरूलाई
तिनका शिशुहरू बाहिर ल्याएर राख्न कर लाउँथे, र यसरी भर्खर जन्मेका सबै
शिशुहरू मर्थे।

२० "यसै बेला मोशाको जन्म भयो। तिनी परमेश्वरको दृष्टिमा
सुन्दर थिए। तिनी तीन महिनासम्म आफ्ना पिताको घरमा पालिए। २१ तिनी
बाहिर फालिएपछि फारोकी छोरीले तिनलाई उठाएर लगिन्, र आफ्नै छोरा
तुल्याएर पालिन्। २२ मोशालाई मिश्रीहरूका सारा विद्यामा शिक्षा दिइन्थ्यो, र
मोशा आफ्ना वचन र काममा शक्तिशाली भए। २३ "जब तिनी चालीस वर्षका
भए, तब आफ्ना इस्राएली दाजुभाइहरूलाई भेट गर्ने इच्छा तिनको हृदयमा
उठ्यो। २४ आफ्ना जातभाइमध्ये एक जनामाथि अन्याय भइरहेको देखेर, तिनले
त्यसलाई रक्षा गरे, र त्यस अन्याय गर्ने मिश्रीलाई मारी आफ्ना भाइमाथि भएको
अत्याचारको बदला लिए। २५ परमेश्वरले मेरो हातबाट तिनीहरूको उद्धार
गर्नुहुन्छ भन्ने मेरा भाइबन्धुले बुझ्लान् भन्ने तिनले विचार गरेका थिए। तर
तिनीहरूले सो बुझेनन्। २७ भोलिपल्ट तिनीहरू नै आपसमा झगड़ा गरिरहेको
बेलामा तिनी आए, र तिनीहरूलाई मिलाउने कोसिस गरेर भने, 'मानिस हो,
तिमीहरू त दाजुभाइ हौ, तब किन एउटाले अर्कालाई अन्याय गर्छौ?' २७ "तर
आफ्नो छिमेकीमाथि अन्याय गर्नेले तिनलाई यसो भनेर घचेटिदियो, 'हामीमाथि
हाकिम र न्यायकर्ता हुन तिमीलाई कसले नियुक्त गर्‍यो? २८ हिजो त्यस
मिश्रीलाई मारेजस्तो तिमी मलाई पनि मार्न चाहन्छौ?' २९ यस्तो जवाफ सुनेर
मोशा भागेर मिद्यान देशमा गई प्रवासी भए। त्यहाँ तिनका दुई छोराहरू जन्मे।
३० "चालीस वर्ष बितेपछि सीनै पर्वतको उजाड-स्थानमा जलिरहेको पोथ्राको
ज्वालामा एउटा स्वर्गदूत तिनीकहाँ देखा परे। ३१ जब मोशाले यो देखे तब
तिनी यस दर्शनले छक्क परे, र त्यो हेर्नलाई नजिक जाँदा परमप्रभुको यस्तो
वाणी भयो, ३२ 'म तिम्रा पुर्खाहरूका परमेश्वर हुँ– अब्राहाम, इसहाक र याकूबका
परमेश्वर।' मोशा काम्न लागे, र तिनले त्यतातिर हेर्नेसम्म आँट गरेनन्। ३३
"तब परमप्रभुले तिनलाई भन्नुभयो, 'तिम्रा खुट्टाका जुत्ता फुकाल, किनकि जुन
स्थानमा तिमी खड़ा छौ, त्यो पवित्र स्थान हो। ३४ मिश्रमा भएका मेरा प्रजाको
दुर्दशा मैले देखें, र तिनीहरूको बिलौना पनि सुनें। तिनीहरूलाई छुटकारा दिन म
ओर्लिआएको छु। अब आऊ, म तिमीलाई मिश्रदेशमा पठाउनेछु।'
३५ "यही मोशा, जसलाई तिनीहरूले 'कसले तिमीलाई हाकिम र न्यायकर्ता
तुल्यायो' भनेर इन्कार गरेका थिए, तिनलाई परमेश्वरले पोथ्रामा देखा पर्ने
स्वर्गदूतद्वारा हाकिम र उद्धारकर्ता तुल्याएर पठाउनुभयो। ३६ यिनै मानिसले
मिश्रदेशमा, लाल समुद्रमा र चालीस वर्षभरि उजाड-स्थानमा उदेकका काम र
चिन्हहरू गरिकन तिनीहरूलाई बाहिर ल्याए।

३७ "ती तिनै मोशा हुन्, जसले इस्राएलीहरूलाई भनेका थिए, 'परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूमध्येबाट तिमीहरूका निम्ति एक जना अगमवक्ता खड़ा गर्नुहुनेछ।' ३८ यी तिनै मोशा हुन्, जो उजाड-स्थानमा भएको समुदायमा स्वर्गदूतसँग थिए, जुन स्वर्गदूतले सीनै पर्वतमा र हाम्रा पुर्खाहरूसँग बोलेका थिए, र तिनैले हामीलाई दिनका निम्ति जीवित वाणीहरू पाएका थिए। ३९ "हाम्रा पुर्खाहरूले तिनको आज्ञापालन गर्न इन्कार गरे। तिनीहरूले तिनलाई पन्छाएर मिश्रदेशमै फर्केर जाने मन गरे। ४० तिनीहरूले हारूनलाई यसो भने, 'हाम्रा अगिअगि लाग्ने कोही देवताहरू हाम्रा निम्ति बनाइदिनुहोस्, किनकि हामीलाई मिश्रदेशबाट निकालेर ल्याउने यी मोशालाई के कसो भयो हामी जान्दैनौं।' ४१ ती दिनमा तिनीहरूले एउटा बाछ्राको मूर्ति बनाए, र त्यसमा बलि पनि चढ़ाए, र आफ्ना हातको काममा खुशी मनाए। ४२ तर परमेश्वरले तिनीहरूलाई तिरस्कार गर्नुभयो, र तिनीहरूलाई आकाशका तारामण्डलको उपासना गर्न छोडिदिनुभयो, जस्तो अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ, 'इस्राएलका मानिस हो, के तिमीहरूले चालीस वर्षसम्म उजाड-स्थानमा मलाई पशुबलि र भेटीहरू चढ़ायौ? ४३ तिमीहरूले मोलोखको तम्बू र रेफन देवताको तारा, र तिमीहरूले पुज्नलाई बनाएका मूर्तिहरू उठाइलग्यौ। अब म तिमीहरूलाई बेबिलोनदेखि पारी निर्वासित गर्नेछु।' ४४ "उजाड-स्थानमा हाम्रा पुर्खाहरूका गवाहीको मण्डप थियो। मोशाले देखेका नमूनाबमोजिम परमेश्वरको आदेशअनुसार यो बनिएको थियो। ४५ हाम्रा पुर्खाहरूले पनि उनीहरूको पालोमा अन्यजातिहरूको देश अधिकारमा ल्याउँदा यहोशूको साथमा त्यो तम्बू ल्याए। दाऊदको पालोसम्मै त्यो त्यहीं रह्यो। ४६ तिनले परमेश्वरको निगाह पाए, र याकूबका परमेश्वरको निम्ति एउटा वासस्थान बनाउने अनुमति मागे। ४७ तर उहाँको निम्ति भवनचाहिँ सोलोमनले बनाए। ४८ "तर हातले बनाएका भवनहरूमा परमेश्वर वास गर्नुहुन्न, जस्तो अगमवक्ताले भनेका छन्, ४९ 'मेरो सिंहासन स्वर्ग हो, र पृथ्वी मेरो खुट्टाको पाउदान, तिमीहरूले मेरो निम्ति कस्तो भवन बनाउने हो? परमप्रभु भन्नुहुन्छ, मेरो विश्रामको ठाउँ कुन हो? ५० के यी सबै थोक मेरै हातले बनाएका होइनन् र?' ५१ "हे हठी मानिसहरू हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईंहरू सधैं पवित्र आत्माको विरोध गर्नुहुन्छ। तपाईंहरूका पुर्खाले जस्तो गरे तपाईंहरू पनि त्यस्तै गर्नुहुन्छ। ५२ अगमवक्ताहरूमध्ये कुनचाहिँलाई तपाईंहरूका पुर्खाहरूले सताएनन्? उनीहरूले धार्मिक जनको आगमन अघिबाटै घोषणा गर्नेहरू सबैको

**हत्या गरे। उहाँलाई तपाईंहरूले विश्वासघात गर्नुभयो, र उहाँको हत्या गर्नुभयो। ती सबैलाई मारे, जसले ती धार्मिक जनको आउने समाचार अगाडिदेखि नै सुनाएका थिए। अब तपाईंहरूचाहिँ उहाँकै विश्वासघातक र ज्यानमारा हुनुभएको छ। ५३ स्वर्गदूतहरूले सुम्पेको व्यवस्था तपाईंहरूले पाउनुभयो, तर त्यसको पालन गर्नुभएन।"**

आक्रोसित भिडले अनेकौं दोष लगाएर स्तिफनसलाई पक्रे र उनको दोषलाई छिनोफानो गर्न उनी सानहिड्रन वा यहूदी धार्मिक सभासदको सामु उभिनु परेको थियो। मोशाको व्यवस्था र पवित्र मन्दिरमा हुने सेवाकार्य तथा विधिहरू यहूदी धर्म तथा संकृतिको दई मुख्य खम्बा हुन्। ती दुई तत्वहरूमा सम्पूर्ण यहूदी जातको अस्तित्व आधारित थियो। अर्को पनि थप्न सकिन्छ त्यो थियो असल काम गरेर परमेश्वरलाई खुशी पार्ने। कुनै पनि तत्व जसले मोशाका विधिविधान तथा मन्दिरमा हुने विधिहरू अब बेकाम भयो भनेर सिकाउँदछ त्यो तत्वलाई पवित्र यहूदी धर्ममाथि आक्रमण गरिएको भनेर दोष लगाउँथ्यो। यथार्थमा त्यो तत्व यहूदी धर्मको शत्रुमात्र होइन परमेश्वरको नाउँलाई पनि अपमान गरेको ठहर्थ्यो (प्रेरित ६:११)।

धर्मगुरुहरूको आरोपहरूको प्रतिकार गर्न स्तिफनसले लामो भाषण दिएका थिए। यो प्रेरितको पुस्तकमा लेखिएको सबभन्दा लामो भाषण हो। लूकाले उनको पुरै भाषणलाई उल्लेख गर्दा त्यो भाषण कतिको महत्त्वपूर्ण थियो भनेर देखाउँदछ। सुरूमा स्तिफनसले यहूदी जातिको लामो इतिहास दोहोऱ्याइएको देखिन्छ। तर त्यो पुरानो करार अर्थात् परमेश्वरद्वारा यहूदी जातिहरूसँग बाँधिएको बाचा वा करारको सन्दर्भमा हेरिनुपर्छ। धार्मिक सुधारवादीहरूले इस्राएलीहरूलाई परमेश्वरसँग भएको करारलाई पालन गर्न आह्वान गरेको बृतान्त अगमवक्ताहरूले लेखेका थिए। जब परमेश्वर र उहाँका मानिसहरूको बीचमा भएको करार तोडिन्छ तब कानुनी रूपमा करारको विरुद्धमा गएकोले मुद्दा गर्नुपर्ने ठहर्छ। यसलाई हिब्रू भाषामा रिब (rib) भनेर सम्बोधन गरिन्छ। यस मामिलामा उहाँका जनहरूले करार पालन गर्न असफलभएको हुनाले तिनीहरूको विरुद्धमा परमेश्वर आफैले कानुनी प्रक्रिया अपनाउनु भएको थियो भन्ने भावना स्तिफनसको भाषणले यहूदी अगुवाहरूलाई सचेत गराएका थिए।

मीका ६:१,२मा रिब (rib) भन्ने शब्द तिन पल्ट प्रयोग गरिएको छ। प्रस्थान २०-२३सम्मको विवरणमा परमेश्वर र मानिसको बीचमा सिनाई

पहाडमा करार बाँधिएको थियो भनेर उल्लेख गरिएको छ। त्यसको सम्झना गर्दै अगमवक्ता मीकाले परमेश्वरका जनहरूको निम्ति परमेश्वरले गर्नुभएको शक्तिशाली कामलाई सम्झना गराउँछन् (मीका ६:३-५) तर त्यो करार भङ्ग हुँदा वा भङ्ग गर्दा के नतिजा हुन्छ (मीका ६:६-१२) र आखिरमा करार तोड्दा खप्नुपर्ने श्रापहरू पनि मीकाले उल्लेख गर्दछन् (मीका ६:१३-१६)।

हुनसक्छ स्तिफनसको भाषणको पृष्ठभूमी त्यही थियो होला। जब स्तिफनसलाई उनको क्रियाकलापको बारेमा स्पष्टिकरण दिन यहूदी मतको मठाधिसले माग गरे तब स्तिफनसले आफ्नो विरुद्धमा लगाइएको आरोपको न त खण्डन नै गरे न त येशूप्रति भएको आफ्नो आस्थाको पक्षमा बोले। बरू जसरी पुरानो समयमा परमेश्वरले उहाँका जनहरूको बिरुद्ध रिब (rib) वा कानुनी कदम लिनुहुँदा जनहरूलाई सचेत गराउन जुन आवाजहरू अगमवक्ताहरूले निकालेका थिए त्यही आवाज स्तिफनसले पनि निकालेको देखाइएको थियो। यहूदी इतिहासको लामो विवरणलाई सम्झना गराएर परमेश्वरको सम्बन्धप्रति यहूदी धर्मका अगुवाहरू कतिको अनाज्ञाकारी र बैगुनी भएका थिए भनेर स्तिफनसले तिनीहरूको भन्डाफोर गरेका थिए।

हो, प्रेरित ७:१-५३ अनुसार स्तिफनसले आफ्नो बचाऊको निम्ति बोलेका थिएनन् तर उनले परमेश्वरको भविष्यवाणी बोल्ने वकिलको रूपमा वकालत गरेका थिए। ती धार्मिक अगुवाहरूको बिरुद्धमा परमेश्वरले चाल्नुभएको कानुनी प्रक्रियालाई स्तिफनसले पेस गरेका थिए। यदि तिनीहरूका पूर्खाहरूले अगमवक्ताहरूको हत्या गरेर दोषी ठहरिएका थिए भने तिनीहरू पनि झन दोषी ठहरिनेछन्। प्रेरित ७:११,१९,३८,४४ र ४५मा स्तिफनसले यहूदीहरूको पूर्खाहरूलाई "हामीहरूका पिताहरू वा पुर्खाहरू" भनेर सम्बोधन गरेका थिए भने प्रेरित ७:५१मा "तपाईंका पिताहरू वा पुर्खाहरू" भनेर सम्बोधन गरेको महत्त्वपूर्ण मान्नुपर्छ। स्तिफनसले आफ्नो चिनारी आफ्ना यहूदी पुर्खाहरूबाट अलगिएर येशूसँग ठोसरूपमा उभिएको देखाएका थिए। त्यसको निम्ति उनले ठूलो मूल्य चुकाउनुपर्ने छ भनेर पनि उनलाई थाहा थियो तैपनि उनले ती यहूदीहरूसँग कुनै सम्झौता गर्न चाहेनन् न त कुनै डर देखाए न त पश्चाताप।

**येशूको निम्ति ठोस रूपमा वा सम्झौता नगरि तपाईं उभिनु परेकोपछिल्लो पटक कहिले थियो? तर उभिनुभयो वा आनकानी गर्नुभयो? यदि इसाई हुँ भनेर दावी गर्ने क्रममा केही बाधा आयो भने येशूको निम्ति खडा हुने**

**कि सम्झौता गरेर आफ्नो शिर बचाउने? पक्का येशूभक्त हुँ भनेर देखाउन केमा हामी स्पष्ट हुन जरुरी छ?**

## ४. स्वर्गको पवित्र मन्दिरमा येशू ख्रीष्ट

बाइबलमा अगमवक्ता वा परमेश्वरका भविष्यवक्तालाई हिब्रू भाषामा नबी भनिन्छ। यथार्थमा यस संसारमा कोही मानिस परमेश्वरको प्रवक्ता भएर बोल्छ त्यसैलाई अगमवक्ता भनेर कहलाइन्छ। परमेश्वरको अगमबक्ताले उहाँको प्रेम र न्यायको सन्देश दिँदछ। त्यही परिप्रेक्ष्यमा स्तिफनस पनि यहूदीहरूलाई परमेश्वरले गर्नुभएको न्यायको बारेमा बोल्दा उनी अगमवक्ताको रूपमा गनिन पुगेका थिए। तर दुर्भाग्यवस उनको अगमबक्ता भएर सेवा गर्ने काम छोटिन पुगेको थियो।

रिसले चुर भएका **यहूदीहरूको सर्वोच्च सभासदमा बोलिरहँदा अचानक स्तिफनसले एक दर्शन देखेका थिए। त्यो दर्शन के थियो र त्यसको अर्थ के थियो? हेर्नुहोस् प्रेरित ७:५४-५६ "५४ जब तिनीहरूले यी कुरा सुने तब तिनीहरू क्रुद्ध भए र रिसले दाह्रा किट्न लागे। ५५ तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे। ५६ तिनले भने, "हेर, स्वर्ग उघ्रेको म देख्छु, र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु।"**

"जब स्तिफनसले दिएको भाषणको अन्त समापन भयो तब श्रोताहरूको बीचमा हल्लीखल्ली भयो। जब येशूलाई भविष्यवाणीहरूसँग स्तिफनसले जोडे र मन्दिरको मामिलामा येशूको भूमिकाको बारेमा बोले तब मूल पुजारी देखावटीरूपमा भयभीत भए र उनले आफ्नो लुगा च्याते। सदाको निम्ति आफ्नो आवाजलाई दवाइनेछ भन्ने आभास् स्तिफनसले पाएका थिए। आफूले बोलेका वचनहरूप्रति श्रोताहरू कडाइका साथ असहमत भएको उनले देखे र आफूले आफ्नो अन्तिम गवाही दिइरहेको उनले महसुस गरे। उनले बोलिरहने क्रमलाई अचानक रोकेर आफूले त्यही स्थानमा देखेको दर्शन बोले र आफ्नो भाषण अन्त गरे।"-एलेन जी ह्वाइट, आक्टस् अभ आपोस्टल्स, पृ. १००बाट रूपान्तरित।

जब स्तिफनसले यहूदी अगुवाहरूको बीचमा उभेर तिनीहरूको बिरुद्धमा परमेश्वरले गर्नुभएको न्यायको बारेमा बोलिरहेका थिए तब उनले

अचानक स्वर्गको पवित्र मन्दिरमा येशू उभिरहनुभएको देखे। उहाँ परमेश्वर पिताको दाहिनेपट्टि उभिरहनुभएको थियो। त्यसको अर्थ तत्कालै पृथ्वीमा भएको न्यायचाहीँ स्वर्गमा हुने वास्तविक न्यायको सूचकको रूपमा देखाइएको थियो। इस्राएलका ढोंगी अगुवा र धर्मगुरुलाई परमेश्वरले न्याय गर्नुहुनेछ भनेर स्तिफनसले दर्शनले व्यक्त गर्दछ।

पश्चाताप गर भनेर सुरूमा प्रेरितहरूद्वारा गरिएको आह्वान (प्रेरित २::३८,३:१९,५::३१) स्तिफनसले त्यसबेला ती यहूदी धर्मगुरुहरूको सामु गर्न पाएका थिएनन्। त्यसको अर्थ अब यो हुन गएको थियो कि इस्राएलको धार्मिक राज्यको अन्त्य हुन गएको छ र अब्राहमलाई प्रतिज्ञा गरे अनुसार संसारको मुक्तिको निम्ति मध्यस्थता गर्ने यहूदीहरूको भूमिका अब समाप्त भयो (उत्पत्ति १२:३, १८:१८,२२:१८)। चाहे यहूदी होस् वा अयहूदीहरू होस् अब येशूका अनुयायीहरूले यरुशलेम नै छोडेर सारा संसारका जातिजातिमा गएर मुक्तिको सुसमाचार सुनाउने अपेक्षा गरिएको थियो (प्रेरित १:८)।

**आफ्नो यहूदी धर्मको प्रतिरक्षाको निम्ति त्यस धर्मका पण्डितहरूले धर्मकै नाउँमा स्तिफनसलाई लुछाचुड गरेर उनको हत्या गरे। प्रेरित ७:५७-८:१,२मा लूकाले उनको हत्याको बारेमा विवरण यसरी दिएका छन् "५७ तर तिनीहरू उच्च स्वरले कराई उठे, र आ-आफ्ना कान थुने, र तिनीहरू एकसाथ तिनीमाथि झम्टे। ५८ तिनीहरूले तिनलाई सहर बाहिर निकाली लगे, र तिनीमाथि ढुङ्गा बर्साए। र साक्षीहरूले आफ्ना वस्त्रहरू शाऊल नाउँ भएको एक जना युवकका खुट्टानेर राखे। ५९ जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस्।" ६० तिनले घुँडा टेकेर ठूलो स्वरले कराएर भने, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।" यति भनेर तिनले प्राण त्याग गरे। ... ८:१ तिनको हत्यामा शाऊल पनि सहमत थिए। त्यसै दिन यरूशलेममा भएका मण्डलीको विरुद्धमा ठूलो सतावट सुरु भयो, र प्रेरितहरूबाहेक तिनीहरू सबै यहूदिया र सामरियाका इलाकातिर छरपष्ट भए। २ भक्तजनहरूले स्तिफनसलाई लगेर गाड़े, र तिनको निम्ति ठूलो विलाप गरे।"**

परमेश्वरको बिरुद्धमा बोलेको भन्ने आरोप लगाएर यहूदी धर्मगुरुहरूले व्यवस्था अनुसार स्तिफनसलाई ढुङ्गाले हानेका थिए (लेवी २४:१४)। स्तिफनसलाई मृत्यु दण्डको घोषणा गरिएको थियो वा अतिवादी धार्मिक समूहको हुलले उनलाई आक्रमण गरेको थियो भन्ने कुरा स्पष्ट त

छैन। तर जे भएतापनि येशूप्रति आफ्नो आस्था राखेको कारणले सहीद हुन पुगेका मानिसहरूमध्ये स्तिफनस प्रथम हुनगएको प्रेरितको पुस्तकमा लेखिएको छ। स्तिफनसको लुगालाई च्यातचुत पारेर सावल नाउँ गरेका एक युवकको खुट्टाको सामु थुपारिनुले यो देखाउँदछ कि स्तिफनसको बिरोधीहरूको नाइके सावल थियो। जब आफ्ना हत्याराहरूको निम्ति स्तिफनसले प्रार्थना गरे तब उनले सावलको निम्ति पनि प्रार्थना गरेका थिए। केवल चरित्रमा उच्च आदर्शभएको, येशूको नीतिमा चल्ने र जेभएतापनि आफ्नो बिश्वासलाई डगमगाउन नदिनेलेमात्र त्यस खालको प्रार्थना गर्न सक्छ। त्यसको अर्थ येशूको उपस्थिति स्तिफनसको जीवनमा बास्तविकै रूपमा थियो भन्ने कुरा स्पष्टरूपमा देख्न सक्छौं ।

## ५. सुसमाचार फैलिन्छ

जुन बिद्रोही समूहले स्तिफनसको हत्यामा बिजयी प्राप्त गरेको थियो त्यही समूहले यरुशलेममा येशूका भक्तजनहरूलाई आमरूपमा सताउने अग्नीको ज्वाला फैलाएको थियो भन्नुमा केही शङ्का छैन। त्यस बिद्रोही समूहको नाइके सावल थियो जो चर्च वा विश्वासीहरूलाई ठूलो क्षति पुऱ्याउन अघि सरेको थियो (प्रेरित ८:३, २६:१०)। तर विश्वासीहरूलाई सताउने शत्रुहरूको रणनीतिलाई परमेश्वरले अवसरको रूपमा प्रयोग गर्नुभयो।

येशूलाई विश्वास गरेको कारण सास्ती खप्न नसकेर कतिपय मानिसहरू यरुशलेम शहरबाट तितरबितर भएर यहूदिया र सामरिया प्रान्तहरूमा भाग्न थालेका थिए। तर तिनीहरू जहाँ जहाँ गए त्यहाँ त्यहाँ तिनीहरूले सुसमाचार पनि प्रचार गर्न थालेका थिए। यसरी यहूदिया र सामरियामा सुसमाचार सुनाउने येशूको आदर त्यसबेला पूरा भएको थियो (प्रेरित १:८)।

**प्रेरित ८:३-२५मा के उल्लेख गरिएको छ जसबाट हामीले पनि पाठहरू सिक्न सक्छौं? हेर्नुहोस् "३ शाऊलले घर-घरमा पसेर मण्डलीलाई संहार गरिरहेका थिए। तिनले पुरुष र स्त्रीहरूलाई घिस्स्याउँदै लगी झ्यालखानमा हालिदिन्थे। ४ तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे। ५ फिलिपचाहिँ सामरियाको एउटा सहरमा गएर तिनीहरूलाई ख्रीष्ट प्रचार गरे। ६ फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर, भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए। ७ किनकि धेरै जनाबाट**

अशुद्ध आत्माहरू ठूलो सोरले चिच्च्याउँदै निस्कन लागे, र धेरै जना पक्षाघातका रोगीहरू र लङ्गड़ाहरू पनि निको पारिए। ८ यसरी त्यस सहरमा ज्यादै आनन्द भयो। ९ सिमोन नाउँ भएको एक जना मानिस त्यहाँ थियो। त्यसले अगाडिदेखि नै त्यस सहरमा जादूगरी गरेर सामरियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथियो। १० त्यस मानिसलाई सानादेखि ठूलासम्म सबैले यसो भनेर मान्थे, "यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ।" ११ तिनीहरूले त्यसलाई मान्थे, किनभने धेरै समयदेखि त्यसले आफ्नो जादूगरीले मानिसहरूलाई आश्चर्यचकित पारिराखेको थियो। १२ तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए। १३ सिमोन आफैले पनि विश्वास गऱ्यो। त्यसले बप्तिस्मा लियो, र त्यो फिलिपसँग लागिरह्यो, र चिन्हहरू र ठूला-ठूला अचम्मका काम गरेको देखेर त्यसलाई आश्चर्य लाग्यो। १४ सामरियाका मानिसहरूले परमेश्वरको वचन ग्रहण गरे भन्ने सुनेर यरूशलेममा रहेका प्रेरितहरूले पत्रुस र यूहन्नालाई तिनीहरूकहाँ पठाए। १५ उनीहरू त्यहाँ आएर तिनीहरूले पवित्र आत्मा पाऊन् भनेर तिनीहरूका निम्ति प्रार्थना गरे। १६ किनकि त्यतिञ्जेलसम्म तिनीहरूमध्ये कुनैमाथि पनि उहाँ आउनुभएको थिएन। तिनीहरूको बप्तिस्मा प्रभु येशूको नाउँमा मात्र भएको थियो। १७ तब उनीहरूले आफ्ना हात तिनीहरूमाथि राखे, र तिनीहरूले पवित्र आत्मा पाए। १८ अब प्रेरितहरूले हात राख्दा पवित्र आत्मा पाइँदोरहेछ भन्ने देखेर सिमोनले यसो भन्दै तिनीहरूलाई रुपियाँ दिन ल्यायो, १९ "मलाई पनि यो शक्ति दिनुहोस्, र मैले जोसुकैमाथि हात राखिदिएपछि त्यसले पवित्र आत्मा पाओस्।" २० तर पत्रुसले भने, "तिम्रो रुपियाँ तिमीसँग नष्ट होस्, किनकि परमेश्वरको वरदान रुपियाँले किन्न सकिन्छ भनी तिमीले विचार गऱ्यौ। २१ यस विषयमा न त तिम्रो केही भाग छ न हिस्सा नै छ, किनकि परमेश्वरको सामुन्ने तिम्रो हृदय ठीक रहेनछ। २२ यसकारण तेरो आफ्नो यस दुष्टताको निम्ति पश्चात्ताप गर् अनि प्रभुमा प्रार्थना चढ़ा, र सायद तिम्रो हृदयको यस्तो विचार क्षमा होला। २३ किनकि म देख्तछु, तिमी तिक्तताले भरिएको छौ अनि अधर्मको बन्धनमा छस्।" २४ तब सिमोनले भन्यो, "तपाईंहरूले नै मेरो निम्ति प्रभुमा प्रार्थना गरिदिनुहोस्, र तपाईंहरूले भन्नुभएको कुनै पनि कुरा ममाथि आई नलागोस्।" २५ अनि

**तिनीहरूले गवाही दिइसकेपछि र प्रभुको वचन बोलिसकेपछि सामरीहरूका धेरै गाउँहरूमा सुसमाचार प्रचार गर्दै तिनीहरू यरूशलेम फर्के।"**

सामरीहरू यहूदीहरूबाट अछुत जाति भनेर पन्छिएर बसेका थिए। धार्मिक रीतिले हेर्दा पनि सामरीहरू आधा इस्राएलीहरू थिए भन्न सकिन्छ। तिनीहरू यहूदीहरू जस्तै एक ईश्वरवादी थिए। मोशाका प्रथम पाँच पुस्तकहरूलाई तिनीहरूले मानेका थिए। तिनीहरूले खतनाको वीधि मानेका थिए र मसीहको आगमनको अपेक्षा गरेका थिए। तर सामरीहरूको धर्म भ्रष्ट भएको यहूदीहरूले ठानेका थिए। त्यसको अर्थ ती सामरीहरू यहूदीहरूले पाउने परमेश्वरको दयाबाट बन्चित भएका र परमेश्वरले यहूदीहरूसँग गर्नुभएको करारसँग केही हिस्सा नभएको विश्वास गर्दथे।

अपेक्षा नै नगरिएका सामरीहरूबाट येशूलाई विश्वास गरिएको समाचार यरुशलेममा आउँदा सबै छक्क परेका थिए। त्यसकारण प्रेरितहरूले पत्रुस र यूहन्नालाई त्यहाँ के भइरहेको छ भनेर थाहा पाउन सामरियामा पठाए। पत्रुस र यूहन्ना नआउँञ्जेल परमेश्वरले पवित्र आत्मा नपठाउनु भएकोले (प्रेरित ८:१४-१७) येशूलाई विश्वास गर्ने सामरीहरू पनि विश्वासीहरूको समूदायमा एक हुनसक्छन् भनेर परमेश्वरले प्रेरितहरूलाई सिकाउन चाहनुभएको देखिन्छ (प्रेरित ११:१-१८)।

तर कथा यतिकैमा अन्त हुँदैन। प्रेरित ८:२६-४०मा फिलिप र इथियोपियाको नपुंसक अर्थमन्त्रीको बारेमा वर्णन गरिएको छ जहाँ फिलिपसँग बाइबल अध्ययनको अनुरोध गरे। अनि त्यसपछि त्यस बिदेशीले फिलिपसँग बप्तिस्माको अनुरोध गरे र फिलिपले उनलाई बप्तिस्मा दिए। हेर्नुहोस्, "२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर यरूशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ। त्यहाँ मरुभूमिको बाटो छ।" २७ अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई भेटे, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र समस्त सम्पत्तिका कोषाध्यक्ष थिए। उनी यरूशलेममा आराधना गर्न गएका थिए। २८ उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया अगमवक्ताको पुस्तक पढ़िरहेका थिए। २९ तब पवित्र आत्माले फिलिपलाई भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग।" ३० फिलिप तिनीकहाँ दौड़ेर गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढ़िरहेको सुनेर उनले सोधे, "तपाईंले पढ़िरहनुभएको कुरा बुझ्नुहुन्छ?" ३१ तब तिनले भने, "कसैले नबताईकन म कसरी बुझ्न सक्छु र?" अनि तिनले फिलिपलाई

रथमा चढ़ी तिनको साथमा बस्ने अनुरोध गरे। ३२ अब तिनले पढ़िरहेका धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेड़ा काटिनलाई लगिन्छ, वा थुमा ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन। ३३ उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन। उसको पुस्ताको बयान कसले गर्ने? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो।" ३४ तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्, अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि अरू कसैको विषयमा?" ३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए। ३६ अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे। ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ?" [ ३७ फिलिपले भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ।" तिनले जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु।"] ३८ तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए। ३९ तर जब उनीहरू पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे। ४० तर फिलिप अश्दोदमा देखा परे, र कैसरिया नपुगुञ्जेल सबै सहरहरूमा सुसमाचार सुनाउँदै गए।

पहिला सामरीहरूलाई सुसमाचार सुनाइयो, त्यसपछि यरुशलेममा रहेको पवित्र मन्दिरमा पूजाआजा गर्न आएका इथियोपियाका बिदेशी यहूदी जो आफ्नो घर फर्कंदै थिए त्यसलाई सुसमाचार सुनाइयो। येशूले भविष्यवाणी गर्नुभए अनुसार सुसमाचार सुनाउने प्रक्रिया यरुशलेमको सिमानाबाट बाहिर जान थालेको थियो। इस्राएलमामात्र सिमित नराखी सारा संसारमा सुसमाचार सुनाउने आदेश पुरा हुँदै थियो। तर तत्कालै सुरूका यहूदी विश्वासीहरूले जे कदम चाले त्यो केवल सुरूमात्र थियो। तिनीहरू त्यसबेला चिनिएको सारा संसारमा गएर येशूको मृत्यु, उहाँले हामीहरूको पापको दण्ड भोग्नुभएको र संसारका प्रत्येक मानिसलाई मुक्तिको आशा उपलब्ध भएको महान् सन्देश फैलाएका थिए।

**जब जादुगर सिमोन इसाई भए तर पत्रुसले हात राखेर अरूहरूले पवित्र आत्मा पाए उनले पनि पत्रुसलाई पैसा दिएर त्यो बरदान मागे। तर**

**पत्रुसले उसलाई "तिमी त लोभ तथा तीतो कुराको बिषमै रहेका छौ र तिमी दुष्टताको घेरमा छौ" (प्रेरित ८:२३ रूपान्तरित) भनेका थिए। सिमोनमा भएको समस्याको समाधान के थियो त? पैसाको लोभमा धर्मलाई किन्न खोज्ने वा पैसा लगानी गरेर धर्मात्मा भन्न चाहने वा परमेश्वरको बरदान किन्न खोज्नेलाई हामीले कसरी सम्हाल्ने?**

**उपसंहार:**

**थप जानकारी:** "यरुशलेममा रहेको चर्च वा विश्वासीहरूलाई जुन सतावट आयो त्यो सारा संसारमा गएर सुसमाचार सुनाउने महान् अवसर सावित हुन गएको थियो। यरुशलेममा धेरै यहूदीहरूले येशूलाई विश्वास गरेको कारणले तिनीहरूले ठूलो सफलता हासिल गरेको देखिएको थियो। तर आफ्नो सफलतामा संतुष्ट भएर यरुशलेममा नै रहने तरखरले गर्दा सारा संसारमा सुसमाचार प्रचार गर्ने येशूको आदेशलाई चेलाहरूले बिर्सने सम्भावना थियो। सुसमाचार सुनाउने कार्यमा जोशिलो हुँदा दुष्टहरूको हमलासँग लड्न सकिन्छ भन्ने नीतिलाई चेलाहरूले बिर्सन थालेका थिए। त्यो विर्सेर शत्रुहरूको हमलाको प्रतिकार गर्न यरुशलेममा रहेका इसाईहरूलाई सुरक्षित राख्ने काम सबभन्दा महत्त्वपूर्ण भएको ती चेलाहरूले ठानेका थिए। नयाँ विश्वासीहरूलाई अरू ठाउँहरूमा सुसमाचार सुनाउने काममा शिक्षित बनाउनुको सट्टा इस्राएलमै आफ्नो काम सफल भएको ठानेर ढुक्क मानेर बस्ने खतरामा तिनीहरू परिरहेका थिए। आफ्ना विश्वासीहरूलाई प्रतिनिधि बनाएर फैलाउनको निम्ति परमेश्वरले चेला तथा येशूका भक्तहरूमा सतावट आउन अनुमति दिनुभएको थियो। यरुशलेमबाट लखेटिन पुगेपछि विश्वासीहरू जताततै गएर परमेश्वरको वचन प्रचार गर्न थाले।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ द आपोस्टल्स,* पृ. १०५बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. सुरूको चर्चका विश्वासीहरूले आफ्नो कामको उपलब्धिमा संतुष्ट भएर इस्राएलमै रहने चाहना गर्दा संसारमा सुसमाचार सुनाउने प्रक्रियामा असर पर्दथ्यो। कतिपय मानिसहरू सबै यहूदीहरूले येशूलाई ठाडै अस्वीकार गरेका थिए भनेर विश्वास गर्दछन्। तर त्यो गलत धारणा हो। सुरूमा धेरै**

यहूदीहरूले येशूलाई आफ्नो मसीह भनेर स्वीकार गरेका थिए। तर यहूदीहरूले येशूलाई विश्वास गरे भनेर प्रेरितहरू त्यसैमा ढुक्क भएर बस्नु खतरा भएको कुराले हामीलाई के सिकाउँछ ? हामी आफ्नै काममा मात्र अल्झेर बसी संसारमा सुसमाचार सुनाउने काममा कसरी सिथिलता निम्त्याउन सक्छौं?

आ. प्रेरितहरूको पालासम्म यहूदी र सामरीहरूको बीचमा शताब्दियौंदेखि बैमनस्यता थियो। तर यहूदी भएका फिलिपले सामरीयामा गएर येशूको बारेमा प्रचार गर्न पुगे भन्दा हामीले के सिक्न सक्छौं? हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएतापनि हामी मध्ये कतिमा संस्कृति, जातजाती जस्ता कुराहरूमा पूर्वाग्रह राख्ने बानी हराएको देखिदैन। परमेश्वरको सामु सबै एकै हौं भन्ने आत्मज्ञान क्रुसले हामीलाई कसरी सिकाउँदछ?

इ. येशूको मृत्युले प्रत्येक मानिसमा अनन्त मूल्य गाँसिएको छ भनेर थाहा पाएर सुसमाचार भनेको कुनै एक जातिमा सीमित नराखेर सारा विश्वको निम्ति हो भनेर हामीले कसरी सिक्ने?

ई. फिलिपले इथियोपियाको पाहनुसँग कसरी सुसमाचार सुनाउन पुगे? हामीले पनि अरूलाई सुसमाचार सुनाउने अवसरको निम्ति निरन्तररूपमा किन प्रार्थना गरिरहनुपर्छ वा चाहना गरिरहनुपर्छ?

उ. प्रेरित ६-८सम्म हामीले के सिक्यौं जसले गर्दा हामीहरूको चर्चको लक्ष्य यस संसारमा कसरी प्रभावकारी हुनुपर्छ भनेर देखाउँदछ?

# कथा ४

# खल्लो साबथ

## श्रीमती सुन याप्युन, ६४ दक्षिण कोरिया

दक्षिण कोरियामा आइतबार मान्ने चर्चहरू स्थापना गर्न मलाई परमेश्वरले धेरै सहयोग गर्नुभएको छ। सानो झुण्डलाई मैले प्रचार गर्थें तब त्यो सानो झुण्ड बढेर ४० जना भयो र चर्च बन्यो। अनि अन्तै नयाँ चर्च स्थापना गर्न परमेश्वरले मलाई अगुवाई गर्नुभयो।

जब मैले प्रभुको निम्ति काम गरिरहेको थिएँ मेरो मनमा केही न केही कमी भएको मैले महसुस गरेको थिएँ। जब चर्चमा र पुनर्जागरण भेलामा प्रचार गर्थें मलाई आनन्द त लाग्थ्यो तर भित्री हृदयमा आफैमा खोक्रो भएको महसुस मैले गरेको थिएँ। मेरो श्रीमानले जस्तो थियोलोजी वा धर्मदर्शन पढें र पूर्णरूपमा पास्टरको काम गरें। तैपनि मेरो मनभित्र खाली भएको महसुस मैले गर्दैरहें।

तब एक दिन पुस्तक सामग्री बेच्ने सेभेन्थ-डे एडभेन्टिस्ट नारी मेरो घरमा देखा परिन्। उनले हामीलाई केही पढ्ने सामग्रीहरू दिइन्। मैले र मेरो श्रीमानले ती सामग्रीहरू पढ्यौं। मेरो श्रीमान एडभेन्टिस्ट चर्चमा जान थाल्नुभयो। उनी केवल आइतबार पालन गर्ने मान्छे अर्को चर्चमा किन जान थालेको होला भनी सोचें। तर उनी त शनिबार पो चर्चमा गइरहेकोमा मलाई छक्क लाग्यो। एक दिन जब उनको कोठा सफा गर्दै थिएँ उनको टेबुलमा एडभेन्टिस्ट चर्चको सूचनापत्र देखें र अनि थाहा पाएँ उनले के गरिरहेका रहेछन्।

त्यो दिन उनलाई मैले केही भनिंन। भोलिपल्ट आइतबारको दिन थियो। म चुपचाप बसें। अनि सोमबार मैले मेरी श्रीमानलाई यसरी गाली गरें "तपाईं त पास्टर हुनुहुन्छ। झुटा चर्चमा जान तपाईंलाई लाज लाग्दैन?"

"तिमीले बुझ्दैनौ। तिनीहरू झुटा शिक्षावालाहरू होइनन्। तिनीहरूसँग सत्य छ" मेरो श्रीमानले जवाफ दिनुभयो।

यो कुरा सुनेर मैले मेरो श्रीमानले राखेका एडभेन्टिस्ट पुस्तकहरू गोप्यरूपमा पढ्न थालें। हामीले पुस्तक बेच्ने एडभेन्टिस्टबाट एलेन जी ह्वाइटका धेरै पुस्तकहरू पाएका थियौं।

तो पुस्तकहरू पढेर मेरो पास्टरी हृदयमा चोट पऱ्यो। त्यसकारण मेरो श्रीमान घरमा नभएको बेलामा लुकिलुकि ती पुस्तकहरू पढ्न थालें। जब मेरो श्रीमानको कार बाहिर आएको थाहा पाउँथे तब तुरन्तै ती पुस्तकहरू दराजमा जस्ताको त्यस्तै राखिदिन्थें।

तर एडभेन्टिस्टप्रति मेरो चासो बढ्दै गयो। अनि पुस्तक बेच्ने प्रचारकले एक दिन एडभेन्टिस्ट चर्चमा हुने स्वास्थ्यको कार्यक्रममा भाग लिन निम्तो दिइन्। मैले सोचें, "यही मौका हो कि एडभेन्टिस्टहरू झुटा हुन् कि होइन भनेर थाहा पाउने।"

स्वास्थको कार्यक्रम धेरै दिनसम्म चलिरह्यो। तेस्रो दिनमा एक जना चाइनिज-कोरियन महिलाले मकहाँ आएर सोधिन्, "पास्टर, एडभेन्टिस्टहरू झुटा हुन् भनेर हामीहरूको चर्चमा प्रचार गरिन्छ। तपाईं के भन्नुहुन्छ?"

"यो झुटा हो' भनेर म चाहन्थे तर "यो चर्च झुटा होइन। यसले सत्यलाई सिकाउँदैछ। यसले बाइबलमा देखाए अनुसार साबथलाई सिकाउँछ।"मैले के भनिरहेको थिएँ सो मलाई नै थाहा थिएन।

ती चिनिया-कोरियन महिला मेरो कुरा सुनेर प्रभावित भइन्। म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको पास्टर भएको उनले ठानेर भनिन्, "त्यसो भए म तपाईंको चर्चमा मेरो छोरीसँग आउन चाहन्छु।" "मेरो चर्च टाढा छ। यही चर्चमा तपाईं आउनुहोस्। यिनीहरूले नै तपाईंलाई सम्हाल्नुहुनेछ" मैले भनें।

पछि ती महिलाले बप्तिस्मा लिएको मैले थाहा पाएँ। म एडभेन्टिस्ट चर्चको सदस्य नभएतापनि उनलाई एडभेन्टिस्ट चर्चमा ल्याउने कार्यमा म सफल भएँ।

स्वास्थ्यको कार्यक्रम पछि सबभन्दा पहिलो पल्ट साबथमा चर्चको सेवाकार्यमा सम्मिलित भएँ। यो चर्च झुटा हो भनेर थाहा दिन म सिक्न चाहन्थें। तर त्यो चर्चमा केही पनि झुठो देखिंन। एडभेन्टिस्टहरूले बाइबलको शिक्षालाई राम्रोसँग पालन गरेकोले मलाई अचम्म लाग्यो।

## येशूबाट सन्देश

मलाई बप्तिस्मा लिन मन लागेको थियो। तर मैले मेरो श्रीमानसँग धेरै वर्ष अघि बप्तिस्मा लिइसकेको थिएँ। मैले प्रार्थना गरें "मैले फेरि बप्तिस्मा किन लिनुपर्छ र?" "यो तिमी आफैले थाहा पाउनुपर्छ" भन्ने सन्देश पो परमेश्वरबाट पाएको महसुस गरें। अन्तमा मैले बप्तिस्मा लिने निर्णय गरें।

परमेश्वरको पवित्र दिन शनिबारलाई साबथ नमानिकन मानिसहरूको परम्पराबाट लादेको आइतबारलाई पालन गरेर परमेश्वरको वचन पालन नगरि पाप गरिरहेको अनुभूति मलाई भयो।

त्यसबखत साबथ दिनमा एक जना एडभेन्टिस्ट चर्चको विश्वासी मेरो घरमा हामीलाई भेट्न आएका थिए। जब हामीले कुराकानी गऱ्यौं उनले मेरो श्रीमानलाई बप्तिस्मा लिनुपर्छ भनेर सल्लाह दिइन्। यसबारे प्रार्थना गर्नुपर्छ भनेर मेरो श्रीमानले भने तब त्यसको लागि प्रार्थना गर्न जरुरी नभएको मैले ठानें। फेब्रुअरी ४,२०१७मा बप्तिस्मा लिन मैले प्रस्ताव राखें र त्यही अनुसार हामीले बप्तिस्मा लियौं।

मेरो सातजना दाजुभाइ दिदी बहिनीहरू छन्। तिनीहरूले पनि साबथको सन्देशलाई स्वीकार गरुन् भन्ने मेरो चाहना छ। एडभेन्टिस्ट सन्देश थाहा नपाएको कोरियाको भित्री भागमा सबाथको बारेमा सिकाउने मेरो चाहना छ। हाम्रो निम्ति प्रार्थना गर्नुहोस् ताकि हामीले एडभेन्टिस्ट चर्चहरू स्थापना गर्न सकौं।

जसरी आइतबारलाई साबथ पालन गर्दा मनमा केही न केही कमी भएको महसुस गरेको थिएँ आजभोलि मलाई त्यस्तो लाग्दैन। येशूमा पाएको सत्यताले गर्दा मेरो मन खुशीले भरिएको छ।

*(यो अनुभव सुना प्यायुनले आन्द्रु मेकचेस्नीलाई बताएकी हुन्। उनी १५ वर्षसम्म आइतबार चर्चको पास्टर भएर काम गरेकी थिइन्। उनी ६४ वर्षकि छिन्)।*

<u>**दक्षिण कोरियाको बारेमा थप जानकारी:**</u>

-दक्षिण कोरियामा सुसमाचार प्रचार गर्ने प्रथम् कोरियन सन ह्युङ्ग चो थिए। जब उनी जापानमा थिए त्यहाँ उनले सन् १९०४मा प्रभुलाई ग्रहण गरेका थिए।

-कोरियन युनियन कन्फरेन्सले दक्षिण कोरियाको चर्चको रेखदेख गर्दछन। उक्त कन्फरेन्समा मध्यपूर्व कोरिया, मध्यपश्चिम कोरिया, दक्षिणपूर्व कोरिया, दक्षिणपश्चिम कोरिया र मध्य पश्चिम कोरियन कन्फरेन्स समावेश भएको छ।